# लुम्बिनी प्रदेश अनुसन्धान ब्युरोको स्थापना, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** लुम्बिनी प्रदेशभित्र शान्ति र सुव्यवस्था कायम राखी राष्ट्रिय स्वार्थ परिपूर्तिको लागि आवश्यक सूचना सङ्कलन गरी प्रशोधन समेत गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "लुम्बिनी प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ख) "**प्रचलित कानून**" भन्नाले संघीय कानून, प्रदेश कानून र स्थानीय कानून सम्झनुपर्छ ।

(ग) "**ब्युरो**" भन्नाले दफा ४ बमोजिम स्थापना भएको लुम्बिनी प्रदेश अनुसन्धान ब्युरो सम्झनुपर्छ ।

(घ) "**मन्त्रालय**" भन्नाले लुम्बिनी प्रदेश सरकारको आन्तरिक मामिला हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ङ) "**प्रदेश सरकार**" भन्नाले लुम्बिनी प्रदेशको सरकारलाई सम्झनुपर्छ ।

(च) "**सेवा**" भन्नाले दफा ३ बमोजिम गठन हुने प्रदेश अनुसन्धान सेवा सम्झनुपर्छ ।

३. **प्रदेश अनुसन्धान ब्युरो सेवाको गठन**: (१) प्रदेश सरकारले प्रदेश अनुसन्धान सेवा गठन गर्न सक्नेछ।

(२) सेवाका कर्मचारी प्रदेश लोक सेवा आयोगबाट पूर्ति गरिनेछ ।

४. **ब्युरोको स्थापनाः** (१) सेवा सम्बन्धी कार्य सञ्चालन गर्न मन्त्रालय अन्तर्गत प्रदेश अनुसन्धान ब्युरोको स्थापना हुनेछ ।

(२) ब्युरोको केन्द्रीय कार्यालय प्रदेश राजधानीमा रहनेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको ब्युरोको रेखदेख तथा नियन्त्रणमा रहने गरी आवश्यकता अनुसार जिल्ला कार्यालयहरु स्थापना हुन सक्नेछन ।

५. **ब्युरोको काम, कर्तव्य र अधिकारः** (१) ब्युरोको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) राज्यको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनताको रक्षा, आन्तरिक एवं राष्ट्रिय सुरक्षा र हितको प्रवर्द्धन एवं सम्वर्द्धन गर्नका निम्ति

सरकारलाई आवश्यक पर्ने सबै प्रकारका सूचना संकलन गर्ने ।

(ख) प्रदेश सरकारलाई आवश्यक पर्ने राष्ट्रिय सुरक्षाका विभिन्न क्षेत्रका सूचना संकलन गर्ने।

(ग) आर्थिक एवं वित्तीय अपराध, आतंकवाद, संगठित अपराध, लागु औषध लगायतका अपराधसँग सम्बन्धित सूचना संकलन गर्ने ।

(घ) विभिन्न जातजाति, धर्म, सस्कृंति, भाषा, सम्प्रदाय तथा समुदायबीचको पारस्परिक सद्भाव, सहिष्णुता र एकतामा खलल पुऱ्याउने खालका गतिविधिहरूको सूचना संकलन गर्ने ।

(ङ) अन्तर सरकार सम्बन्धलाई धमिल्याउने सम्बन्धी गतिविधिहरूको सूचना संकलन गर्ने ।

(२) उपदफा (१) बमोजिम ब्युरोले संकलन गरेका सूचना तोकिए बमोजिम मन्त्रालयलाई उपलब्ध गराउनुपर्नेछ।

(३) ब्युरोको काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **<u>अनुसन्धानको सिलसिलामा आवश्यक अधिकार प्रयोग गर्न सक्ने</u>** (१) मन्त्रालयले आवश्यक ठानेका विषयमा ब्युरोलाई अनुसन्धान गर्न लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम ब्युरोले अनुसन्धान गर्ने सिलसिलामा अनुसन्धान गर्ने अधिकृतले प्रचलित प्रदेश कानून बमोजिम प्रहरीलाई भएको अधिकार प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम ब्युरोले गरेको अनुसन्धानबाट प्रचलित कानून बमोजिम कुनै कसुर भएको देखिन आएमा मन्त्रालयले अधिकार प्राप्त अधिकारीलाई सम्बन्धित व्यक्ति उपर आवश्यक कार्वाहीको लागि लेखी पठाउनेछ ।

७. **<u>सहयोग गर्नुपर्ने</u>**: ब्युरोको परिचयपत्र लिई आउने कर्मचारीलाई संघीय कार्यालय वा प्रदेश कार्यालय वा स्थानीय तह वा व्यक्तिले कार्यालय सम्बन्धी काममा सहयोग गर्नु पर्नेछ ।

८. **<u>ब्युरो प्रमुख</u>**: (१) प्रदेश अनुसन्धान सेवाको प्रमुख ब्युरो प्रमुखको रुपमा रहनेछ।

(२) ब्युरो प्रमुखको नियुक्ति मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले गर्नेछ ।

(३) ब्युरो प्रमुखको नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिमको उम्मेदवार उपलब्ध नभएमा सुरक्षा निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिल्लो पदबाट अवकाश भएको व्यक्ति ब्युरो प्रमुखमा नियुक्त हुन सक्नेछ ।

<u>**स्पष्टीकरणः**</u> यस उपदफाको प्रयोजनको लागि "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीलाई समेत सम्झनुपर्छ।

(५) ब्युरो प्रमुखको पदावधि तीन वर्षको हुनेछ र प्रदेश सरकारले चाहेमा निजको कार्यकाल एक वर्षका लागि थप गर्न सक्नेछ ।

९. <u>ब्युरो प्रमुख पदमुक्त हुने</u> (१) प्रदेश सरकारले देहायको अवस्थामा ब्युरो प्रमुखलाई पदमुक्त गर्न सक्नेछः

(क) निजले पद अनुकुलको आचरण नगरेमा,

(ख) जिम्मेवारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेमा,

(ग) आफ्नो कर्तव्य पालनाको सिलसिलामा प्राप्त सूचना वा जानकारीको दुरुपयोग गरेमा,

(घ) पदको दुरुपयोग गरेमा ।

(२) उपदफा (१) बमोजिम पदमुक्त गर्नुअघि ब्युरो प्रमुखलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

१०. **<u>कर्मचारीको नियुक्ति तथा सेवा शर्त</u>**ः (१) सेवाको कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा र बर्खासी तथा सेवाका अन्य शर्तहरु तोकिएबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवाका शर्तहरू मध्ये सेवाको कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान र निवृत्तिभरण सम्बन्धी शर्तहरू निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि पछि हुने संशोधनले त्यस्तो संशोधन हुन अगावै बहाल रहेको सेवाको कुनै कर्मचारीको उपर्युक्त सेवाका शर्तहरूमा कुनै प्रकारले प्रतिकुल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुनेछैन।

११. **<u>गोप्य अभियान सञ्चालन गर्न सक्ने</u>**ः (१) ब्युरो प्रमुखले आवश्यक देखेमा कुनै विषयमा गोप्य अभियान संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको गोप्य अभियान संचालन गरेको जानकारी मन्त्रालयको सचिवलाई दिनुपर्नेछ।

(३) गोप्य अभियान संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **<u>सूत्र परिचालन गर्न सक्ने</u>**: (१) तोकिएको अधिकारीले आवश्यक्ता अनुसार सेवामा नरहेको अन्य व्यक्तिलाई सेवाको कामको लागि सूत्रको रूपमा परिचालन गर्नसक्नेछ।

(२) सूत्र परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>निषेधित काम</u>**: (१) सेवाको कर्मचारीले आफ्नो पदको दुरुपयोग गर्न वा आफ्नो कर्तव्यको बर्खिलाप काम गर्न हुँदैन ।

(२) सेवाको कर्मचारीले सेवामा कार्यरत रहदा वा सेवाबाट अवकाश भईसकेपछि पनि सेवाको काम सम्बन्धी गोप्यता कुनै तरिकाबाट भङ्ग गर्न हुँदैन।

(३) उपदफा (१) वा (२) विपरितको काम गरेको वा गर्न लागेको जानकारी मन्त्रालयलाई प्राप्त भएमा सो सम्बन्धमा मन्त्रालयले आवश्यक छानबिन गर्नसक्नेछ ।

(४) उपदफा (३) बमोजिमको छानबिन गर्न तोकिएको अधिकारीले सबुत प्रमाण संकलन गर्ने, खानतलासी गर्ने वा त्यस्तो

कसूरसँग सम्बन्धित जुनसुकै कागजात बरामद गर्ने मुचुल्का गर्ने लगायत प्रहरी कर्मचारीलाई भए सरहको अधिकार प्रयोग गर्नसक्नेछ ।

(५) उपदफा (३) बमोजिमको छानबिनको क्रममा त्यस्तो अभियोग लागेको सेवामा कार्यरत कर्मचारीलाई निलम्बन गर्न सकिनेछ ।

(६) छानबिन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **<u>हतियार प्रयोग सम्बन्धी व्यवस्था</u>ः** (१) ब्युरोको कर्मचारीले प्रयोग गर्ने हतियार सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२)उपदफा (१) बमोजिम मन्त्रालयले ब्युरोले प्रयोग गर्ने हतियार सम्बन्धी मापदण्ड बनाउँदा नेपाल सरकारको गृह मन्त्रालयसँग परामर्श गरी बनाउनुपर्नेछ ।

१५. **<u>दण्ड सजायः</u>** यस ऐनको विपरीत काम गर्ने सेवाको कर्मचारी वा सेवाको काममा लगाईएका कुनै व्यक्तिलाई कसूरको प्रकृति हेरी प्रचलित कानून बमोजिम कैद वा एक लाख रूपैंयासम्म जरिवाना वा दुवै सजाय हुनेछ र त्यस्तो कसूरबाट कसैलाई कुनै प्रकारको क्षति पुगेको रहेछ भने सो क्षतिको क्षतिपूर्ति समेत निजबाट भराईनेछ।

१६. **<u>मुद्दा हेर्ने अधिकार</u>ः** यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा हेर्ने अधिकार उच्च अदालतलाई हुनेछ ।

१७. **<u>अनुमति लिनुपर्नेः</u>** ब्युरोले आफ्नो कामको सिलसिलामा कुनै सञ्चार साधनको प्रयोग गर्नु परेमा सोको स्वीकृति मन्त्रालयको सचिवबाट लिनुपर्नेछ।

१८. **<u>सूचना दिनुपर्नेः</u>** (१) राष्ट्रिय सुरक्षा, शान्ति वा व्यवस्थासँग सम्बन्धित सूचना ब्युरोले प्राप्त गरेमा नेपाल सरकारको राष्ट्रिय अनुसन्धान हेर्ने निकायलाई समेत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. **<u>बचाउः</u>** (१) यो ऐन वा यस ऐन अन्तर्गतको नियममा लेखिएको कुरा सोही बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) ब्युरोमा रहेको गोप्य कागजात अधिकारप्राप्त अधिकारीलाई बाहेक अन्य कुनै पनि निकाय, अधिकारी वा अदालतमा प्रस्तुत वा प्रकट गर्न कसैलाई बाध्य गराईने छैन ।

(३) सेवाको कुनै कर्मचारीले कर्तव्य पालनको सिलसिलामा संकलन गरेको सूचनाको स्रोत खुलाउन बाध्य गरिने छैन।

२०. **<u>नियम बनाउने अधिकारः</u> (१)** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले देहायका विषयमा आवश्यक नियमहरु बनाउन सक्नेछः

(क) ब्युरोको काम, कर्तव्य, अधिकार र कार्यविधि सम्बन्धी,

(ख) सेवाको गठन, सङ्गठन संरचना तथा दरबन्दी सिर्जनासम्बन्धी,

(ग) सेवाको कर्मचारीहरुको पदपूर्ति, नियुक्ति, सरुवा, बढुवा, बर्खासी तथा सेवाका शर्तहरु सम्बन्धी,

(घ) सरकारले आवश्यक ठानेको अन्य विषयहरू।

(२) उपदफा (१) बमोजिम बनेका नियमहरू प्रदेश सरकारले सार्वजनिक रुपमा प्रकाशन गर्न वाध्य हुनेछैन।

२१. **निर्देशिका तथा कार्यविधि बनाउनेः** (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको परिधिभित्र रही मन्त्रालयले आफ्नो काम कारवाही सञ्चालन गर्न देहायका विषयमा आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्नेछः-

(क) ब्युरो प्रमुखको नियुक्ति सम्बन्धी,

(ख) छानबिन सम्बन्धी,

(ग) गोप्य अभियान संचालन सम्बन्धी,

(घ) सूत्र परिचालन सम्बन्धी,

(ङ) तोकिए बमोजिमका अन्य विषयहरू।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गोप्य अभियान सञ्चालन तथा सूत्र परिचालन सम्बन्धमा ब्युरोको केन्द्रीय कार्यालयले छुट्टै कार्यविधि बनाई मन्त्रालयको स्वीकृति लिई लागु गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम निर्माण हुने निर्देशिका तथा उपदफा (२) बमोजिम निर्माण हुने कार्यविधि गोप्य रहनेछ ।